लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा ५(४) र नियमावली २०६५ को नियम ३ अनुसार प्रकाशित

आ.व. २०८१/८२ (बि.सं. २०८१ माघ देखि २०८१ चैत मसान्त सम्म)

## १. निकायको प्रकृति र स्वरूप

राज्यमा शासकीय प्रणालीको पुर्न संरचना भए संगै तत्कालिन जिल्ला कृषि विकास कार्यालयहरुको खारेजी पश्चात प्रदेश सरकार मातहत रहने गरी बाँके र बर्दिया कार्यक्षेत्र हुने गरि २०७५ भाद्र २८ गते कृषि ज्ञान केन्द्र, बाँकेको बिधिवत उद्घाटन भई कार्य प्रारम्भ भएको हो । तत्कालिन जिल्ला कृषि बिकास कार्यालयको परिसरमा यस केन्द्र रहेको छ । जिल्ला कृषि बिकास कार्यालयहरुको खारेजी पश्चात व्यवसायिक उत्पादकहरुलाई बिज्ञ सेवा प्रवाह गर्न र स्थानीयतहका कृषि प्राबिधिकहरु लाई कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहजिकरण र क्षमता बिकासमा टेवा पुर्याउने सन्दर्भमा कृषि ज्ञान केन्द्रको भुमिका महत्वपुर्ण ठानिएको छ। बर्दिया जिल्लामा साबिक जिल्ला कृषि बिकास कार्यालयको भवनमा जिल्ला सम्पर्क केन्द्र स्थापना गरी स्थानीय कृषकको सहजताका लागी सोहि सम्पर्क केन्द्रबाट कार्य सन्चालन हुदै आएकोमा २०७७ साल श्रावन २१ गते देखि बिधिवत रुपमा एकिकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय स्थापना भए देखि कृषि ज्ञान केन्द्र, बाँकेले बाँके जिल्लामा मात्र कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । कृषकलाई बिशेषज्ञ सेवा प्रदान, कृषि व्यवसायको विकास सम्बन्धी टेवा, केन्द्रीय र स्थानीयतहहरुसंग समन्वय, जिल्ला स्तरीय कार्यक्रम कार्यान्वयन तथा जिल्ला स्तरीय तथ्यांक अद्यावधिक गर्ने कार्यहरु यस केन्द्रले गर्दे आएको छ ।

## २. निकायको काम र कर्तव्य

- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परिक्षण तथा भ्यालिडेसन परिक्षण संचालन गर्ने,
- माटो तथा मल, बाली संरक्षण र वीउविजन परिक्षण सम्बन्धि सामान्य प्रयोगशाला सेवा,
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक तथा व्यवसायिक कृषक र व्यबसायीहरुको लागी कृषिसँग सम्बन्धित विशिष्टीकृत ज्ञान शीप प्रदान गर्न एडभान्स तालिम संचालन गर्ने,
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा,
- प्रदेश अन्तर्गत संचालन हुने संघिय कृषि विकास कार्यक्रम, आयोजनाको समन्वय तथा सम्पर्क विन्दूको रुपमा कार्य गर्ने,
- प्रदेश सरकार मार्फत संचालन हुने कृषि विकास कार्यक्रम, आयोजना संचालनमा प्रदेश सरकारलाई सहयोग गर्ने
- कृषि आर्थिक महत्वका स्थानिय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग गर्ने,
- कृषि अनुसन्धान परिषदको वाह्य अनुसन्धान स्थल (Outreach site) को रुपमा कार्य गर्ने,
- वीउ विजन तथा उन्नत नश्वको लागी श्रोतकेन्द्रको रुपमा कार्य गर्ने,
- स्थानीय तह र कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धि कार्य,

अनिश श्रेष्ठ
वरिष्ठ कृषि प्रसार अधिकृत
(अधिकृतस्तर आठौं)


कार्यालय प्रमुख
वरिष्ठ कृषि ... (नवौं तह)

- बहु स्थानीय तह समेटि कार्यान्वियन हुने संघीय आयोजनाहरुको संचालन र नियन्त्रण,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्र भित्रका पकेट, ब्लक, जोन तथा सुपरजोनहरुको लागी प्राविधिक सेवा टेवा,
- एग्री इकोलोजिकल जोन अनुसारको प्राथमिकता प्राप्त बाली बस्तु विकासको योजना, मूल्य अभिबृद्धि श्रृंखला विकास तथा कार्यान्वियनको समन्वय
- कृषि स्नातक तथा जे.टी./जे.टी.ए. कोर्ष अध्ययनरत विद्यार्थीहरुका लागी इन्टर्नसिप कार्यक्रम संचालन गर्ने,
- स्थानीय तहका कृषि विकासका इकाईहरुबाट कृषि सम्बन्धी तथ्यांक संकलन तथा अध्यावधिक गर्ने साथै संकलित तथ्यांक प्रदेश र संघिय तालुक निकायहरुमा पठाउने ।
- आफ्नै कमाण्ड क्षेत्रभित्र कृषि उद्यम तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागी व्यवसाय विकास सेवा उपलव्ध गराउ
- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने ।

## ३. निकायमा रहने कर्मचारी विवरण

### कार्यालयको सांगठनिक संरचना

**कृषि ज्ञानकेन्द्र, बाँकेको संगठन संरचना**




यस कार्यालयको स्वीकृत दरबन्दी १७ जनाको रहेकोमा हाललाई पदपूर्ति भएको पद, कार्यरत कर्मचारीको विवरण तथा परामर्श सेवाका करार कर्मचारीहरुको विवरण यस प्रकार रहेको छ;

| क्र.स. | नाम,थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | विनोद घिमिरे | प्रमुख | शिवराज न.पा. ५, कपिलवस्तु |
| २ | मनोज कुमार सिंह | वरिष्ठ कृषिप्रसार अधिकृत (आठौं) | लमही न.पा. ५, दाङ |
| ३ | सन्तोष पाठक | वरिष्ठ बागवानी विकास अधिकृत (आठौं) | जानकी गा.पा. ४, बाँकि |
| ४ | अनिश श्रेष्ठ | वरिष्ठ कृषिप्रसार अधिकृत (आठौं) | खजुरा गा.पा. ३, बाँके |
| ५ | खडक बहादुर बस्नेत | कृषि प्राविधिक अधिकृत (छैठौं) | मधुवन न.पा. ९, बर्दिया |

कार्यालय प्रमुख

| | | | |
|---|---|---|---|
| ६ | कमल रेग्मी | बाली अधिकृत (छैठौं) | घोराही उ.म.न.पा. १५, दाङ |
| ७ | पृथ्वी नारायण थारु | लेखापाल | ठाकुरबाबा न.पा. ४, बर्दिया |
| ८ | टिकाराम अधिकारी | खरिदार | बढैयाताल गा.पा. २, बर्दिया |
| ९ | खेमराज चौधरी | ह.स.चा. (पाँचौ स्तर) | राप्तीसोनारी गा.पा. ४, बाँके |
| १० | जगतराम गोडिया | का.स. (पाँचौ स्तर) | नेपालगंज उ.म.न.पा. २२, बाँके |
| ११ | जनक बहादुर नाथ | का.स.(करार) | जुनिचांदे गा.पा. २, जाजरकोट |
| १२ | भगेलु लुहार | का.स.(करार) | डुडुवा गा.पा. २, बाँके |

परामर्श सेवाका करार कर्मचारीहरु

| क्र.स. | कर्मचारीको नाम | पद | ठेगाना | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| १ | शेखर पौडेल | कृषि इन्जिनियर | बर्दघाट न.पा. १०, नवलपरासी | कृषि ज्ञान केन्द्र, बाँके |
| २ | पदम प्रसाद उपाध्याय | ना.प्रा.स. | चन्दननाथ गा.पा. ३, जुम्ला | कृषि ज्ञान केन्द्र, बाँके |
| ३ | भुवन प्रसाद पन्त | ना.प्रा.स. | लेकम गा.पा. ६, दार्चुला | नेपालगंज उ.म.न.पा., बाँके |
| ४ | अंगराज बुढा | ना.प्रा.स. | तातोपानी गा.पा. ३ जुम्ला | कोहलपुर न.पा., बाँके |
| ५ | धनराज रावत | ना.प्रा.स. | तिला गा.पा. १, जुम्ला | कोहलपुर न.पा., बाँके |
| ६ | खडक खत्री | ना.प्रा.स. | चौरजारी न.पा. १२, रुकुमपश्चिम | राप्तीसोनारी गा.पा., बाँके |
| ७ | रत्ना कुमारी तिरुवा | ना.प्रा.स. | मधुवन न.पा. ६, बर्दिया | खजुरा गा.पा., बाँके |
| ८ | मसुद खाँ | माली | खजुरा गा.पा. ८, बाँके | कृषि ज्ञान केन्द्र, बाँके |

## ४. निकायबाट प्रदान गरिने सेवा र शाखा सम्बन्धी विवरण

| सि. नं. | सेवा सुविधाहरुको विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया/पेश गर्नुपर्ने कागजात | लाग्ने शुल्क | लाग्ने समय | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी/शाखा |
|---|---|---|---|---|---|
| १ | प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान | लिखित/मौखिक | निःशुल्क | सोहि दिन | विशेषज्ञ सेवा शाखा |
| २ | कृषि व्यवसाय प्रवर्द्धनका लागि प्राविधिक/आर्थिक सहयोग | सम्बन्धित सूचनामा माग भए अनुसार | निःशुल्क | सूचनामा तोकिए अनुसार | सूचनामा तोकिए अनुसार |
| ३ | प्राविधिक कर्मचारी तथा कृषकको क्षमता अभिवृद्धि | आवश्यकता अनुसार/लक्ष्य अनुसार | निःशुल्क | लक्ष्यमा तोकिए अनुसार | तालिम तथा प्रसार शाखा |
| ४ | तालिम तथा गोष्ठीमा कृषक सहभागी गराउने (प्रदेश/जिल्लास्तर) | सम्बन्धित कार्यालयको माग अनुसार | निःशुल्क | लक्ष्यमा तोकिए अनुसार | तालिम तथा प्रसार शाखा |
| ५ | आकस्मिक बाली संरक्षण सेवा | लिखित/मौखिक | निःशुल्क | बढीमा ७ दिन | विशेषज्ञ सेवा शाखा |
| ६ | बीउ विजन उत्पादन वा खरिद बिक्रि वितरण अनुमति पत्र | बीउ बिजन व्यवसायी एवं अनुगमन निर्देशिका, २०७३ को दफा ३ अनुसारका कागजात | रु. ४००/- | बढीमा ७ दिन | विशेषज्ञ सेवा शाखा |

कार्यालय प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | बीउ बिजन बिक्रेता अनुमतिपत्र नविकरण | नवीकरण निवेदन, अनुमति पत्रको प्रतिलिपि, गत आ.व. को करचुक्ताको कागजात, तथा वार्षिक बीउको कारोबारको विवरण | रु. २००/- र तोकिए अनुसारको जरिवाना | सोहि दिन | विशेषज्ञ सेवा शाखा |
| ८ | खुद्रा विषादी विक्रेता इजाजत पत्र नवीकरण सिफारिस | निवेदन, व्यवसाय दर्ता, PAN/VAT दर्ता, गत आ.व. को करचुक्ताको कागजात तथा विषादी निरीक्षणबाट प्रमाणित चेकलिष्ट | निःशुल्क | बढीमा ३ दिन | विशेषज्ञ सेवा शाखा |
| ९ | कृषि उद्यम/व्यवसाय विकास तथा मुल्य श्रृखंला विकास परामर्श | लिखित/मौखिक | निःशुल्क | सोहि दिन | अध्ययन परिक्षण तथा तथ्यांक शाखा |
| १० | कृषि तथ्यांक सम्बन्धी जानकारी, पाक्षिक खुद्रा तथा थोक मुल्य सम्बन्धी जानकारी | जानकारीको प्रकृति अनुसार लिखित तथा मौखिक | निःशुल्क | सोहि दिन | अध्ययन परिक्षण तथा तथ्यांक शाखा |
| ११ | सामान्य प्रयोगशाला सेवा/सहजीकरण | कार्यालयको माग अनुसार | निःशुल्क/ तोकिए अनुसार | लक्ष्यमा तोकिए अनुसार/माग अनुसार | विशेषज्ञ सेवा शाखा |
| १२ | आर्थिक महत्वका कृषि जैविक विविधताको पहिचान, संरक्षण तथा उपयोगमा सहयोग/सहजीकरण | माग अनुसार | निःशुल्क/ तोकिए अनुसार | लक्ष्यमा तोकिए अनुसार | विशेषज्ञ सेवा शाखा/अध्ययन परिक्षण तथा तथ्यांक शाखा/तालिम तथा प्रसार शाखा |
| १३ | अध्ययन तथा परिक्षणका लागि प्राविधिक सहयोग | लिखित निवेदन | निःशुल्क | सोहि दिन | अध्ययन परिक्षण तथा तथ्यांक शाखा/तालिम तथा प्रसार शाखा |
| १४ | दैनिक प्रशासानिक सेवा तथा सोधपुछ | लिखित/मौखिक | निःशुल्क | सोहि दिन | प्रशासन शाखा |

**५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

- प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान, निशुल्क, सम्भव भए सम्म छिटो प्राप्त हुने ।
- बीउ विजन उत्पादन वा खरिद बिक्रि वितरण अनुमति पत्र जारी गरे वापत रु. ४००/- लाग्ने, बढीमा ७ दिन भित्र ।
- बीउ विजन उत्पादन वा खरिद बिक्रि वितरण अनुमति पत्र म्याद गुज्रेको ३ महिना भित्र नवीकरण गरे वापत रु. २००/- लाग्ने र म्याद गुज्रे पश्चात नियमानुसार जरिवाना लाग्ने, सम्भव भए सम्म छिटो ।
- खुद्रा विषादी विक्रेता इजाजत पत्र नवीकरण सिफारिस, निशुल्क, बढीमा ३ दिन भित्र ।

कार्यालय प्रमुख

**६. निर्णय गर्ने प्रक्रिया र अधिकार**

- कार्यालय संचालन सम्बन्धी निर्णय प्रचलित नियमको अधिनमा रहि कार्यालय प्रमुखबाट वा आवश्यकता अनुसार कार्यालय बैठक, खरिद इकाई वा मुल्यांकन समिति मार्फत ।
- कृषि व्यवसाय प्रवर्द्धनका लागि प्राविधिक/आर्थिक सहयोग सम्बन्धी निर्णय जिल्लास्तरीय कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधिले निर्दिष्ट गरेको जिल्लास्तरीय कार्यक्रम व्यवस्थापन समिति मार्फत ।

**७. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

- गुनासो सुन्ने अधिकारी श्री मनोज कुमार सिंह, वरिष्ठ कृषि प्रसार अधिकृत (आठौं)

**८. सम्पादन गरेको कामको विवरण**

- कृषि विकास कार्यक्रम सम्बन्धी आवेदक छनौट गरी कार्यक्रम कार्यान्वयनमा गएको
- बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम संचालन
- घुम्ती स्थलगत तालिम संचालन
- कृषक प्राविधिक भेटघाट कार्यक्रम तथा बाली उपचार शिविर कार्यक्रम संचालन
- सिचाई आयोजनाको कमाण्ड क्षेत्रमा बाली सघनता वृद्धि कार्यक्रम कार्यान्वयनमा गएको
- स्थानीय तहका प्राविधिकसंग अन्तरक्रिया गोष्ठी संचालन
- कृषक सम्मान कार्यक्रम संचालन
- बाली कटानी कार्यक्रम, बाली संरक्षण सेवा तथा महिला लक्षित उन्नत किट वितरण कार्यक्रम संचालन

**९. प्रमुख र सूचना अधिकारीको विवरण**

- प्रमुख श्री विनोद घिमिरे, बरिष्ठ कृषि अर्थ विज्ञ (अधिकृतस्तर दशौं)
- सूचना अधिकारी श्री अनिश श्रेष्ठ, वरिष्ठ कृषि प्रसार अधिकृत (अधिकृतस्तर आठौं)

**१०. ऐन, नियम, विनियम, निर्देशिकाको सुची**

- सूचनाको हक सम्बन्धि ऐन, २०६४
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- बीउ विजन उत्पादन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९
- कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

(बजेट रु. हजारमा)

| क.स. | ब.उ.शि.नं./आयोजना | वार्षिक विनियोजन | हाल सम्मको खर्च | वार्षिक विनियोजनको तुलनामा खर्च % |
|---|---|---|---|---|
| १ | ३१२०००१२३ कृषि उत्पादन, बजारीकरण, नियमन, प्रविधि प्रसार कार्यक्रम | ३६९२० | ११०३२.२८ | २९.८८ |
| २ | ३१२९११२४ कृषि बिभाग (संघ शसर्त अनुदान) कार्यक्रम | ३९६० | ०.०० | ०.०० |
| ३ | ३१२०१०१६ कृषि ज्ञान केन्द्रहरु (साधारण) | २६५८० | १३३४१.३८ | ५०.१९ |
| | जम्मा | ६७४६० | २४३७३.६६ | ३६.१३ |

राजस्व

| क.स. | राजश्व शिर्षक | जम्मा रकम रु. |
|---|---|---|
| १ | १४२१२- सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | ० |
| २ | १४२२९- अन्य प्रशासनिक सेवा शुल्क | ३०७०० |
| ३ | १५१११- बेरुजु | २९१८२ |
| | जम्मा | ५९८८२ |

## १२. अघिल्लो आ.व. मा संचालित कार्यक्रमहरुको विवरण

| क.स. | कार्यक्रमको नाम | मुख्य उपलब्धी |
|---|---|---|
| १ | बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम | ९२.५ हेक्टर क्षेत्रफलका लागि ३७ क्विन्टल मसुरो बालीको उन्नत बीउ वितरण गरिएको |
| २ | मूल्य अभिवृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रम | बेसार, अचार, गुन्द्रुक जस्ता स्थानीय उत्पादनको प्रशोधन, प्याकेजिङ्ग र वजारीकरणमा सहयोग गरिएको |
| ३ | लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम | ६० जना पासी, चिडिमार, चमार, विपन्न दलित तथा भूमिहिन कृषकहरुलाई मोटर, पम्पसेट, स्प्रे टंकी, डेलिभरी पाइप आदि जस्ता कृषि उत्पादन सामाग्रीहरु उपलब्ध गराइएको |
| ४ | रैथाने बालीको प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम | कार्यक्रम कार्यान्वियनमा नगएको |
| ५ | सिंचाइ सहित कृषि विकास कार्यक्रम | ३०३ जना कृषकको बारीमा बोरिंग कार्य सम्पन्न भई जिल्लाको सिंचित क्षेत्र कम्तिमा १५२ हेक्टरले विस्तार गरिएको |
| ६ | ठुला सिंचाइ आयोजनाहरुको कमाण्ड क्षेत्रमा बाली सघनता वृद्धि कार्यक्रम | १६६४ घरधुरीलाई ४२८ हेक्टर क्षेत्रफलका लागि मसुरो, तोरी तथा बसन्ते मकैको उन्नत बीउ तथा अन्य उत्पादन सामाग्री वितरण गरिएको |
| ७ | बीउ उत्पादन कार्यक्रम | २० हेक्टर जमिनमा गहुँ बाली बीउ उत्पादन गरे वापत सहयोग उपलब्ध गराइएको |
| ८ | माटो व्यवस्थापन कार्यक्रम | ४ वटा स्थानीय तहमा ढैंचा तथा कोशेबालीको बीउ, डिकम्पोजर, गड्यौला मल वितरण, माटो परिक्षण, गड्यौला मल उत्पादनमा सहयोग तथा तालिम संचालन गरिएको |

कार्यालय प्रमुख

| | | |
|---|---|---|
| ९ | स्थानीय तहसँगको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन (निरन्तरता) | ७ वटा कृषक/फार्महरुलाई करारको १५.९८ हेक्टर जमिनमा खेती गर्न सहयोग गरिएको |
| १० | कृषक सचेतना कार्यक्रम (विषादी प्रयोग/ उत्पादन प्रविधि/ बजारीकरण) | रेडियो, टिभी तथा पत्र-पत्रिका मार्फत विषादीको उचित प्रयोग तथा विषादीबाट हुन सक्ने हानी बारे जानकारीमुलक सन्देश प्रशारण गरिएको |
| ११ | प्राविधिक जनशक्ती परिचालन (करार) | ८ जना ना.प्रा.स. कर्मचारीहरु कार्यरत रहेको र कृषि विकास कार्यक्रमको स्थलगत प्रमाणीकरण, कार्य सम्पन्न अनुगमन तथा तथ्यांक संकलनमा सहयोग गरिरहेको |
| १२ | कृषि सामाग्री, मल बीउ नियमन | ८ पटक गरी २५ वटा एग्रोभेट तथा कृषि सहकारीहरुमा मल, बीउ तथा विषादी बिक्रीको नियमनका लागि अनुगमन गरिएको, १ वटा सहकारीलाई मल विक्रिमा कैफियत देखिए पश्चात २ लाख जरिवाना गरिएको र ६५ हजार बराबरको म्याद गुज्रेको बीउ नष्ट गर्न लगाइएको |

**१३. सार्वजनिक निकायको वेबसाईट**

यस कृषि ज्ञान केन्द्र, बाँकेको वेबसाईट akcbanke.lumbini.gov.np रहेको छ ।

**१४. वैदेशिक ऋण/अनुदान/सहयोग**

नरहेको ।

**१५. संचालित कार्यक्रमको विवरण र प्रगति प्रतिवेदन**

- बीउ आत्मनिर्भर कार्यक्रम, कृषि यान्त्रिकरण कार्यक्रम, व्यावसायिक च्याउ प्रवर्द्धन कार्यक्रम, उन्नत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग तथा बीउ आलुको ढुवानी, बोरा तथा शित भण्डार शुल्कमा सहयोग कार्यक्रमका आवेदक छनौट गरी सम्झौता पश्चात कार्यक्रम कार्यान्वयनमा रहेको ।
- बाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम अन्तर्गत १०५ हे. मा मसुरो खेति गरेका कृषकहरुलाई स्थलगत तालिम तथा PICS ब्याग वितरण गरिएको।
- २ वटा घुम्ती स्थलगत तालिम तथा २ पटक बाली उपचार शिविर संचालन गरिएको।
- ४ पटक कृषक प्राविधिक भेटघाट कार्यक्रम संचालन गरिएको। सिचाई आयोजनाको कमाण्ड क्षेत्रमा बाली सघनता वृद्धि कार्यक्रम अन्तर्गत ८ वटा क्लस्टर मार्फत १२७ हेक्टर क्षेत्रफलका लागि बसन्ते मकै खेतिका लागि उन्नत तथा हाइब्रिड बिउ र आवश्यक विषादी वितरण गरिएको ।
- कृषक सम्मान कार्यक्रमको सूचना प्रकाशन, आवेदन संकलन तथा स्थलगत प्रमाणीकरण सम्पन्न गरिएको ।
- स्थानीय तहका प्राविधिकसंग कृषि तथा पशुपन्छी बिमालेख विषयक अन्तरक्रिया गोष्ठी १ पटक संचालन गरिएको ।
- आलु, तोरी, गहुँ, चना तथा मसुरोको बाली कटानी गरिएको, ४ वटा बगैंचालाई स्थलगत बाली संरक्षण सेवा प्रदान गरिएको र १००० जना महिलाहरुलाई उन्नत किट वितरण गरिएको

कार्यालय प्रमुख

- Bulk SMS मार्फत SMS मौसम पूर्वानुमान, कार्यक्रमका सूचना, खेति प्रविधि, विषादी प्रयोग, रोग किरा व्यवस्थापन आदि विषयमा कृषक/फर्म/कृषकसमुह/सहकारी/जनप्रतिनिधि/बीउ व्यवसायी/ सरोकारवालाहरुलाई जानकारी सम्प्रेषण गरिएको ।

**१६. सूचनाको वर्गीकरण**

सबै सूचना खुल्ला रहेको ।

**१७. सूचनाको माग सम्बन्धी निवेदन**

प्राप्त नभएको ।

**१८. विवरण अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण**

कार्यालयको वार्षिक प्रगति पुस्तिका तथा कार्यालयको वेबसाइट ।

अनिश श्रेष्ठ
वरिष्ठ कृषि प्रसार अधिकृत
(अधिकृतस्तर आठौं)

कार्यालय प्रमुख